**पोखरा उपत्यका साइडसिन घुम्न जाऊँ**

**घुमाउने ठाउँहरू**

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ माघ १७ गते बिहीबार ❑ 30 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## सहिदको बलिदानीबाट परिवर्तनका लागि काम गर्ने सौर्य प्राप्त हुन्छ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, १६ माघ

प्रधानमन्त्री केपी शर्मा ओलीले सहिदहरूको बलिदानको प्रेरणाबाट परिवर्तनका लागि काम गर्ने सौर्य प्राप्त हुने बताउनुभएको छ।

राष्ट्रिय सहिद दिवस, २०८१ का अवसरमा बुधबार नेपाल सरकारद्वारा सिंहदरबार परिसरमा बुधबार आयोजित मूल समारोहको कार्यक्रममा प्रधानमन्त्री ओलीले राणा शासनको अन्त्यका लागि र विभिन्न कालखण्डमा लोकतन्त्रका लागि सङ्घर्ष गरेर बलिदान दिएका महान् सहिदहरूले देशका लागि दिएको योगदान महत्वपूर्ण भएको बताउनुभएको हो । प्रधानमन्त्री ओलीले सहिदहरूकै बलिदान र प्रेरणाबाट मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्राप्ति भएको र यस प्रणालीमा सम्पूर्ण शक्तिको स्रोत सार्वभौम जनता भएको उल्लेख गर्नुभयो । उहाँले यस प्रणालीलाई सबल र दिगो बनाउन आफूहरू लागि परेको जनाउँदै वास्तविक र पूर्ण लोकतन्त्रका लागि जनताका प्रतिनिधिले त्यस भावनाका साथ काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले राजनीतिक प्रणालीमा परिवर्तन भइसकेकाले अब तानाशाही शासनसत्ताको बचाउका लागि शान्तिपूर्ण आन्दोलनमा लागेकालाई हत्या गर्ने त्यस प्रकारको शृङ्खला अन्त्य भएको बताउनुभयो । उहाँले अहिले लोकतान्त्रिक प्रणाली र प्रक्रियाको रक्षाका लागि न्यायोचित कानुनबमोजिम समृद्ध नेपाल र सुखी नेपालीको लक्ष्यमा वर्तमान सरकार स्पष्टरुपमा अघि बढिरहेको जनाउनुभयो ।

"हामीले लामो सङ्घर्षबाट लोकतन्त्रको स्थापना गरेका छौँ । लोकतन्त्र भनेको अराजकता होइन । यो विकसित, सभ्य र सुशासनयुक्त प्रणाली हो । यदि व्यवस्थामा वा शासकहरूमा कुनै परिवर्तन गर्नुछ भने लोकतान्त्रिक बाटा र विधिबाट गर्न सकिन्छ तर लोकतन्त्रका नाममा देशलाई विभाजित गर्ने र विकासलाई अवरोध सृजना गर्ने कार्य स्वीकार्य हुन सक्दैन", प्रधानमन्त्री ओलीले भन्नुभयो, "देशको रक्षा, विकास र सुशासनका लागि यो सरकार अगुवाइ गर्न तत्पर रहेको छ । हामी सहिदले देखाएको मार्गमा सधैँ अविचलित रहनेछौँ ।"

कार्यक्रममा प्रतिनिधिसभाका उपप्रधानमन्त्रीहरू, मन्त्रीगण, प्रतिनिधिसभाका उपसभामुख, प्रधानमन्त्रीका मुख्य सल्लाहकार,सरकारकामुख्यसचिव, प्रधानसेनापति, सचिवहरू र विशष्ट व्यक्तिहरूको उपस्थिति थियो।

## व्यापार मेलामा मधेशको परिकार, मधेशको संस्कृति

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले पोखराबाट बाँकी ६ वटै प्रदेशमा उडान संचालनको लागि पहल भइरहेको बताएका छन् ।

'पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानसँगै बाँकी ६ वटै प्रदेशसँग पनि जोड्नका लागि प्रदेश सरकारले पहल गरिरहेको छ,'अन्तर प्रादेशिक उडान हुनैपर्छ ।' मन्त्री बस्याल पोखराको नयाँबजारमा जारी राष्ट्रिय औद्योगिक व्यापार मेलामा बुधबार मधेश प्रदेश सरकारको उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयले आयोजना गरेको 'घुमौं मधेश, बुझौं मधेश' कार्यक्रमलाई संवोधन गरेका थिए।

उनले मधेशवाट पर्यटकको रुपमा गण्डकी प्रदेशमा आउने अतिथिलाई दुर्व्यवहार नगर्न पनि यहाँका पर्यटन व्यवसायीसँग आग्रह गरे। त्यसअघि घुमौं मधेश, बुझौं मधेशका संयोजक तथा चन्द्रपुर उद्योग वाणिज्य संघका अध्यक्ष उदय सापकोटोले पोखरामा रहँदा आफूहरुमाथि दुर्व्यवहार गरिएको गुनासो सुनाएका थिए ।

उनले भनेका थिए,'उपल्लो तहबाट त त्यस्तो भएन तर हामी यहाँ रहँदा दोस्रो दजाृको नागरिकको रुपमा व्यवहार गरियो। कम्तिमा पर्यटन व्यवसायीले यस्तो गर्न हुँदैनथ्यो । त्यसमा पोखरा कतै चुकेकोजस्तो लाग्छ। म केही महिनापछि पोखरा आउँछु ।त्यो




बेला त्यस्तो नहोस् ।'

नयाँबजारमा जारी मेलामा मधेश प्रदेश सरकारले सो क्षेत्रका ४० वटा पर्यटकीय स्थलको जानकारी,संस्कृति एवं खानाहरुको प्रदर्शनी गरिहेको छ । त्यस्ता ४० वटा गन्तव्यमा जानकी मन्दिरदेखि गढीमाइ,कोशी टप्पुदेखि पर्सा राष्ट्रिय निकुञ्ज र सप्तगण्डकीसम्म रहेका छन् ।

'सबै संस्कृति पस्कने मधेश आफैमा मौलिक छ । हामीकहाँ सबैभन्दा धेरै बली चढाइने गढीमाइ मेला पनि लाग्छ भने निजानन्द धामजस्तो ठाउँ पनि छ । निजानन्द धाम क्षेत्रको एउटा सिंगो गाउँमा माछामासु नै चल्दैन । पाल्दा पनि पालिँदैन ।' उनले गर्मी र सितलहरको अनुभव लिन पनि मधेश आउनुपर्ने बताउँदै पाहुनाप्रति मधेशले भेदभाव नगर्ने र न्यानो आतिथ्यता प्रदान गर्ने बताए । कार्यक्रममा बोल्दै पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले पोखरा उद्योग वाणिज्य संघले मेलामार्फत् सिंगो देशकै सम्भावनाको खोजी गरेको बताउँदै सबै प्रदेशका संस्कृतिदेखि उत्पादनसम्म एउटै थलोमा पस्कने अभियानलाई निरन्तरता दिने बताए। यस्तै मधेश प्रदेश उद्योग,वाणिज्य तथा पर्यटन मन्त्रालयका 'घुमौं मधेश, बुझौं मधेश' संयोजक विकासकुमार ठाकुरले संस्कृति,खाना र संगीतमा मधेश अब्बल भएको धारणा राखे ।

का र्य क्र म मा मधेश प्रदेश उद्योग,पर्यटन तथा वातावरण मन्त्रालयका प्रतिनिधि अजितकुमार महतो, पोखरा उद्योग वाणिज्य संघका पदाधिकारी तथा कार्यसमितिका सदस्यहरुको सहभागिता रहेको थियो । पोखरा उद्योग वाणिज्य संघको आयोजनामा माघ १० देखि संचालित '३३ औं संस्करणको राष्ट्रिय औद्योगिक व्यापार मेला तथा आइटी महोत्सव २०८१, १२ औं क्यान इन्फोटेक तथा चौथो मोवाइल मेलाको नेपाल उद्योग वाणिज्य महासंघ तथा महासंघ गण्डकी प्रदेश संरक्षक हो भने गण्डकी प्रदेश सरकार,पोखरा महानगपालिका र नेपाल पर्यटन बोर्डले यसको प्रवर्द्धन गरेका छन्। 'लगानीको सम्वर्द्धन : उद्योग व्यवसायको प्रवर्द्धन' भन्ने मुल नाराका साथ आयोजित मेलामा संघले पोखरा औद्योगिक क्षेत्र उद्योग संघ,क्यान कास्की, नेपाल मोवाइल बितरक संघ गण्डकी र सिएसआइटी एसोसियसनसँग सहकार्य गरेको छ । यस्तै, मधेश प्रदेश सरकार, नेपालस्थित भारतीय राजदूताबास,स्वामी विवेकानन्द कल्चरल सेण्टर,पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा,कृषि विकास निर्देशनालय गण्डकीसँग पनि सहकार्य गरिएको संघका उपमहासचिव सुदीप श्रेष्ठले जानकारी दिए।

बुधबार चोलेन्द्र पौडेल,मुकुन्द त्रिपाठीसहित रामजी खाँण,अमर धिताल, सरिता सारु मगर, कृष्ण सुवेदीलगायतको सांगीतिक प्रस्तुति तथा मधेशको नृत्यले अवलोकनकर्तालाई मनोरञ्जन प्रदान गराइएको थियो भने बिहीबार शिव हमाल,पार्वती जिसी,चोलेन्द्र पौडेल,कृष्णभट्टराई,रमागौतम,केशव घिमिरेलगायतका कलाकारको प्रस्तुति रहने सांस्कृतिक उपसमिति सयोजकसंयोजक ललित कुँवरले जानकारी दिए।

## जनतालाई सुखी र खुसी बनाउन तीन तहकै सरकारले काम गरिरहेका छन् : राष्ट्रपति पौडेल


**पोखरापत्र संवाददाता**
तनहुँ, १६ माघ



राष्ट्रपति रामचन्द्र पौडेलले नेपाली जनतालाई खुसी र सुखी बनाउन तीन तहकै सरकारले काम गरिरहेको बताउनुभएको छ। तनहुँको व्यास नगरपालिका-८ पुलिमराङस्थित सहिद पार्कमा आज आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले सङ्घीय, प्रदेश र स्थानीय सरकार जनताको खुसीका लागि विकासको काममा जुटेको उल्लेख गर्नुभयो ।

नेपाल चाँडै उन्नतिको बाटोमा अगाडि बढ्ने बताउँदै राष्ट्रपति पौडेलले भन्नुभयो, "अरू मुलुक जस्तै नेपालको पनि अब प्रगति हुन्छ। नेपालमा केही भएन भनेर निराशा व्यक्त गर्ने होइन। अब सबै मिलेर नेपाल बनाउने बेला आएको छ।" उहाँले कृषि क्रान्ति गरेर उद्योग व्यवसाय स्थापना गरी गाउँमा नै रोजगारी र आम्दानी गराउनेतर्फ सरकार लागिपरेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "नेपाली जनतालाई सुखी र खुसी बनाउन चाहन्छौँ । राज्यले त्यहीअनुसार काम गरिरहेको छ।" राष्ट्रपति पौडेलले सहिदको बलिदानीका कारण नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएकाले सहिदले देखाएको बाटो भुल्न नहुने बताउनुभयो । नेपाली जनताको स्वतन्त्रता र प्रजातन्त्र स्थापनाका लागि सहिदको भूमिका अतुलनीय रहेको पौडेलको भनाइ थियो। उहाँले भन्नुभयो, "प्रजातन्त्र स्थापनाका लागि पुलिमराङको पनि महत्त्वपूर्ण भूमिका छ । विसं २००७ को क्रान्ति होस् या २०१८ सालको क्रान्तिमा यहाँका सहिदको बलिदानी महत्त्वपूर्ण रह्यो । पुलिमराङ सहिदको भूमि हो ।" राष्ट्रपति पौडेलले पुलिमराङसम्म आउने बाटो छिट्टै कालोपत्र हुने बताउनुभयो। सहिद पार्कमा भरत गुरूङ, शमशेरबहादुर गुरूङ, लालध्वज गुरूङ, धर्मध्वज गुरूङ, सर्वसिंह गुरूङ, हस्तवीर गुरूङको लहरै अर्धकदको प्रतिमा रहेका छन् । यी सबै सहिद पुलिमराङमा जन्मिएकाथिए।जसले राणाशासन र निर्दलीय पञ्चायती व्यवस्थाविरूद्धको आन्दोलनमा ज्यान गुमाए। सहिदपार्क बनाउन तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पहल गर्नुभएको थियो। विसं २०५१ चैत २९ गते पुलिमराङ गाउँमा सौर्य परियोजना उद्घाटन गर्न आएका बेला कोइरालाको तदारूकतामा समिति बनेको थियो । विसं २०६६ मा सहिद स्मारक बनाएर छ जना सहिदको अर्धकदको शालिक राखियो। ती शालिकको एक दशकपछि अनावरण गरिएको थियो । यसैबीच तनहुँको व्यास नगरपालिका-८ पुलिमराङस्थित सहिद स्मारक कोष समितिले सहिद पार्कको विकासका लागि सहयोग गर्न राष्ट्रपति पौडेलसमक्ष आग्रह गरेको छ । समितिले यस क्षेत्रको समग्र विकासका लागि सरकारको ध्यानाकर्षण गराइदिन आग्रह गरेको हो। वृहत गुरूयोजनाअनुसार सहिद पार्कको सर्वाङ्गीण विकासका लागि रू १५ करोड बजेट आवश्यक पर्ने देखिएकाले बजेट विनियोजनका लागि भूमिका खेलिदिन पौडेल समक्ष आग्रह गरिएको समितिका अध्यक्ष एकबहादुर गुरूङले जानकारी दिनुभयो।

सहिद स्मारक पार्क, पुलिमराङको वर्तमान अवस्थाका बारेमा राष्ट्रपति जानकार रहेको भन्दै उहाँले यहाँको विकास निर्माणअन्तर्गत पक्की बाटो, बिजुली बत्तीको गुणस्तरीय व्यवस्थापन, पर्यटकीय सम्भावना, कृषि एवं आयआर्जनका विषयमा स्थानीयलाई देखिनेगरी विकास निर्माणमा सरकारसँग सहयोग उपलब्ध गराउन पौडेलको ध्यानाकर्षण गराइएको छ।






# शिक्षाको गुणस्तर अभिवृद्धिमा प्रदेश सरकार प्रतिबद्ध : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले शिक्षाको गुणस्तर अभिवृद्धिमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

बुधबार पोखराका छुट्टाछुट्टै तीन विद्यालयको वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रममा उनले शिक्षाको गुणस्तर अभिवृद्धि तथा पूर्वाधार विकासमा प्रदेश सरकारले ध्यान पुर्याउँदै आएको बताएका हुन् ।

मन्त्री थापाले पोखरा-९ नयाँबजारस्थित महेन्द्र मावि, पोखरा-१६ छहरेपानीस्थित ज्ञानज्योती मावि तथा पोखरा-२२ पुम्दिभूम्दिस्थित शुक्रराज माविको वार्षिकोत्सव समारोहमा प्रमुख अतिथिका रुपमा सहभागि हुँदै शिक्षालाई समृद्धिको आधारका रूपमा अघि बढाउन आवश्यक रहेको बताए ।



"विद्यार्थीहरूको उत्साह, शिक्षकहरूको समर्पण र अभिभावकहरूको साथ देख्दा नेपाली शिक्षाको उज्ज्वल भविष्य प्रति अझ आशावादी बन्ने अवसर मिल्यो। गण्डकी प्रदेश सरकारले शिक्षाको गुणस्तर अभिवृद्धि र पूर्वाधार विकासमा निरन्तर काम गरिरहेको छ", उनले भने । प्रदेश सरकारले घोकन्ते विद्या भन्दा पनि सीपमुलक शिक्षामा जोड दिएको भनाई उनको छ । सिक्दै कमाउँदै, अभिभावक शिक्षा, फ्राइडे फर फ्युचर जस्ता महत्वपूर्ण कार्यक्रमले विद्यालयमा विद्यार्थीको आकर्षण बढाउने उनले उल्लेख गरे । उदाहरणीय सामुदायिक विद्यालयको उदाहरण प्रस्तुत गर्दै मन्त्री थापाले व्यवहारिक शिक्षा आजको आवश्यकता रहेको उल्लेख गरे । "पोखराका कतिपय विद्यालयहरुमा व्यवहारिक शिक्षा प्रदान गरिरहेको देखियो । जुन आजको आवश्यकता हो । हरेक विद्यालयमा अब व्यवहारिक शिक्षाको खाँचो छ। विद्यार्थीलाई नैतिक शिक्षा प्रवाह गरि जीविकोपार्जनमा सहज बनाउने बाटो तर्फ विद्यालय केन्द्रित हुन आवश्यक छ ।", उनले भने ।

मन्त्री थापाले विद्यालय प्रशासनलाई सफल कार्यक्रमका लागि बधाई दिँदै सम्पूर्ण विद्यार्थीलाई उज्ज्वल भविष्यको शुभकामना समेत व्यक्त गरेका छन् । तीन विद्यालयमा आयोजित वार्षिकोत्सव समारोहमा विद्यार्थीहरूले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो भने विद्यालयका प्रगतिबारे जानकारी गराइएको थियो । स्थानीय जनप्रतिनिधि, अभिभावक, शिक्षक तथा विद्यार्थीहरूको उल्लेखनीय उपस्थिति रहेको कार्यक्रममा शिक्षाको प्रवर्द्धन तथा शिक्षासँग सम्बन्धित विभिन्न विषयमा वक्ताहरुले बालेका थिए ।

# शिक्षण पद्धतिमा सूचना प्रविधिलाई जोड दिन आवश्यक: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले शिक्षण पद्धतिमा सूचना प्रविधिलाई जोड दिँदै प्राविधिक जनशक्ति उत्पादनमा लाग्नुपर्नेमा जोड दिएका छन् । प्रविधिको युग सुहाउँदो जनशक्ति उत्पादन गर्न बालबालिका उमेरदेखि नै प्रविधिमा अभ्यस्त बनाउनुपर्ने आवश्यकता उनले औंल्याए ।

पोखरा-१९ तल्लाकोट स्थित विन्ध्येश्वरी माविको ६३ औं वार्षिकोत्सव अभिभावक दिवस, पुरस्कार वितरण, आइसीटी ल्याब उद्घाटन तथा सम्मान कार्यक्रममा प्रमुख अतिथि भट्टले यो समयमा पूरानो शैली र ढाँचाले पठनपाठन फलदायी नहुने उल्लेख गरे । 'आज विद्यालयले आईसीटी ल्याब पनि उद्घाटन गरेको छ । यसले विद्यार्थीहरुलाई ठूलो फाइदा पुग्दछ । शिक्षालाई प्रविधिसँग जोड्दै सिकेका कुरालाई सीपमा बदल्न यसले ठूलो भूमिका खेल्दछ ।' प्रदेश प्रमुख भट्टले भने - 'सरकारी विद्यालयमा पठनपाठन नहुने, पढाइ राम्रो नहुने भन्ने आरोप लागिरहँदा विन्ध्येश्वरी मावि उदाहरणका रुपमा अघि बढेको छ। एसईईमा शतप्रतिशत नतिजाले पनि यो पुष्टि गर्दछ ।' सरकारले शिक्षा क्षेत्रमा उल्लेख्य बजेट छुट्याइरहेको सन्दर्भमा त्यसको तुलनामा सरकारी विद्यालयबाट प्रतिफल प्राप्त नभएको गुनासो आइरहँदा विन्ध्येश्वरी जस्ता विद्यालयबाट अन्य सरकारी विद्यालयहरुले पनि पाठ सिक्न जरुरी रहेको उनले बताए । ' शिक्षा क्षेत्र सामाजिक परिवर्तनको संवाहक हो । दक्ष जनशक्ति, सुयोग्य नागरिक उत्पादनको कारखानाको रूपमा रहेको विद्यालय सही ढंगले अघि बढ्न सकेन भने बालबालिकाहरूको वृत्ति विकासमा बाधा पुग्दछ । समय सुहाउँदो पठनपाठन विधि तथा भौतिक पूर्वाधारको व्यवस्थापन अपरिहार्य छ ।' उनले भने । विद्यालयहरुले विद्यार्थीको आचरण निर्माण, अनुशासन र चरित्र निर्माण जस्ता कुरामा पनि उत्तिकै ध्यान दिनुपर्ने बताउँदै उनले हाम्रा सामाजिक मूल्य र मान्यता, रहनसहन र मौलिकता, हाम्रा धार्मिक, सांस्कृतिक धरोहर, हाम्रो माटोको सुगन्धलाई कसरी विद्यार्थीको सिकाइसंग जोड्नेतर्फ शिक्षक र अभिभावकले ध्यान दिनुपर्ने बताए ।




# पोखरामा हिसान गण्डकी फुटसल शुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा तेस्रो प्रदेशस्तरीय हिसान प्लस टु फुटसल प्रतियोगिताको कास्की छनौट खेल शुरु भएको छ ।

प्रतियोगिताको कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बानियाले उद्घाटन गरे । प्रतियोगितामा डिफेन्डिङ च्याम्पियन त्रिवेणी पब्लिक सेकेन्डरी स्कुल लेखनाथले विजयी शुरुवात गरेको छ । त्रिवेणीले ज्ञान सागर एकेडेमी हेम्जालाई ४-१ को गोल अन्तरले हरायो । उद्घाटन खेलमा मदरल्याण सेकेण्डरी स्कुलले सृजना सेकेन्डरी स्कुललाई ३-२ गोल अन्तरले हरायो । प्रतियोगिताको पहिलो खेलमा सोसल पब्लिकलाई ६-३ गोलको अन्तरले हराउदै शिसुनिकेतन सेकेन्डरी स्कुल दोस्रो चरणमा प्रबेश गरेको छ । अर्को खेलमा व्यलडन एकेडेमी र बिएमजि सेकेन्डरी स्कुलले निधारी समयमा दुई/दुई गोलको बराबरी खेलेपछि खेलको निर्णय ट्राइब्रेकरबाट भयो । ट्राइब्रेकरमा बिएमजिले १-० गोलले हरायो ।



लिटिल स्टेप सेकेन्डरी स्कुलले र बालोदय इङलिस बोडिङ स्कुललाई ४-१ गोलले हराउँदा माउन्ट अन्नपुर्ण सेकेन्डरी स्कुल डाइमण्ड सेकेन्डरी स्कुल सगँ २-३ गोल अन्तरले हार्न पुग्यो । त्यसै गरी सगरमाथा सेकेन्डरी स्कुलले लिटिल फ्लावर एजुकेसन एकेडेमीलाई ५-१ गोलको फराकिलो अन्तरले हरायो । हिल प्वाइन्ट सेकेन्डरी स्कुलले पनि न्युलाइट इङलिस बोडिङ स्कुललाई ५-० गोलको फराकिलो अन्तरले हरायो । अर्को खेलमा गुरुकुल विद्यासदनले पश्चिमाञ्चल सेकेन्डरी स्कुललाई ३-०, न्युग्यालेक्सी इङलिस सेकेन्डरी स्कुलले प्रतिभा सेकेन्डरी स्कुललाई ५-२ गोल अन्तरले हरायो । त्यसै गरी जुनियर सिटिजन एकेडेमीले बालकल्याण सेकेन्डरी स्कुललाई ५-०, अक्फोड स्कुलले करुणानिधि एजुकेसन एकेडेमी स्कुललाई १-० र पोखरा युनाइटेड एकेडेमीले पोखरा आर्दश सेकेन्डरी स्कुललाई ४-३ गोल अन्तरले हरायो ।

प्रतियोगिताको उद्घाटन गर्दै खेलकुद विकास समिति कास्कीका अध्यक्ष तोरण बानिया पछिल्लो समय बालबालिका मोवाइलमा रमाउने हुदाँ यस्ता प्रतियोगिताले उनीहरुका लत हटाउन सहयोगी हुने बताए। उनले पुर्वाधारको विकास गरेर मात्रै विकास नहुने भन्दै मानवीय विकास आवश्यक रहेको बताए । उनले नागरीकको सबै भन्दा ठुलो धन भनेको स्वास्थ्य रहेको भन्दै स्वस्थ रहनका लागि खेल आवश्यक रहेको बताए । हिसान गण्डकीका अध्यक्ष डा रामजी शर्मा कास्की छनौट प्रतियोगितामा ३१ विद्यालय सहभागीता जनाएको प्रतियोगिताबाट गण्डकी प्रदेशका लागि १० टिम छनौट हुने बताए ।

प्रतियोगितामा कास्कीबाट १०, नवलपुरबाट २, स्याङजाबाट १, पर्वत, बाग्लुङ र म्याग्दीबाट १, तनहुँ, लम्जुङ र गोरखाबाट १ गरी १६ टिमले प्रदेश स्तरीय प्रतियोगिता खेल्ने छन् ।

हिसान गण्डकीको सदस्य विद्यालय बिच हुने प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाउन पाउने छन् । प्रतियोगिताको व्यवस्थापन सबिन मेमोरीयल फुटबल क्बलले गर्दै आएको छ । प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रफि प्राप्त गर्ने हिसान कास्कीका अध्यक्ष दिवाकर जैसिले जानकारी दिए ।

सविन मेमोरियल क्बल राष्ट्रिय फुटसल लिगको ए डिभिजन क्लब हो । हिसान फुटसल प्रतियोगिताले नयाँ खेलाडी उत्पादन गर्न प्रतियोगिता गरिएको सविन मेमोरियल क्लबका अध्यक्ष सञ्जय लिगले बताए । गण्डकी प्रदेशका लागि कास्की छनौट प्रतियोगिता माघ १९ गते सम्म सञ्चालन हुने छ ।

# फुलबारी क्लबको रक्तदान कार्यक्रममा ८८ युनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

पोखरा ११ स्थित फूलवारी क्लबले शहिद दिवसको अवसरमा खुल्ला रक्तदान कार्यक्रमको आयोजना गर्‍यो ।

कार्यक्रम नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशका अध्यक्ष सुर्य प्रसाद ढकालले पहिलो रक्तदाता रामचन्द्र वास्तोलालाई ब्लडब्याग हस्तान्तरण गरि समुदघाटन गरे । रक्तदान कार्यक्रममा ८८ जनाले रक्तदान गरेका छन् । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशका अध्यक्ष सुर्य प्रसाद ढकाल पोखरा ११ का वडा अध्यक्ष प्रेम प्रसाद कर्माचार्य लगायतले रक्तदानले मानिसलाई



स्वच्छ बनाउनेमा जोडदिएका थिए । फूलबारी पार्कमा क्लबका अध्यक्ष मनोज बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रम सचिव युवराज बास्तोला गान्धीले सञ्चालन र उपाध्यक्ष जनार्दन बास्तोलाले स्वागत गरेका थिए । सविना बास्तोला आचार्यको संयोजकत्वमा सम्पन्न कार्यक्रममा क्लवले रक्तदानहरुलाई प्रमाण पत्रको साथै क्लवको लोगो अंकित टिर्सट मायाको चिनो स्वरुप प्रदान गरेको थियो । क्लबले विभिन्न समाजिक सेवाका कामहरु गर्दै आइरहेको छ ।


# काँग्रेसका जिल्ला सभापति र उपसभापतिका लागि पोखरामा प्रशिक्षण हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

नेपाली काँग्रेसका जिल्ला सभापति र उपसभापतिहरुका लागि पोखरामा प्रशिक्षण कार्यक्रम गरिने भएको छ ।

नेपाली काँग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको आयोजना तथा नेपाली काँग्रेस कास्कीको व्यवस्थापनमा माघ २२ र २३ गते कार्यक्रम हुन लागेको हो ।

७७ वटै जिल्लाका सभापति र जिल्लाको प्रशिक्षण शाखा प्रमुखको जिम्मेवारीमा रहेका उपसभापतिहरु कार्यक्रममा सहभागि रहने नेपाली काँग्रेस कास्कीका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले जानकारी दिनुभयो । प्रशिक्षणको उद्घाटन कार्यक्रममा नेपाली काँग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेर बहादुर देउवा, उपसभापति पूर्ण बहादुर खड्का, महामन्त्रीद्वय गगन थापा र विश्व प्रकाश शर्मा लगायतका नेताहरुको उपस्थिति रहने छ । कार्यक्रमको व्यवस्थापनलाई विशेष प्राथमिकता दिएर कास्की काँग्रेसले काम गरिरहेको जिल्ला सभापति किशोरदत्त बरालको भनाई छ । 'महत्वपूर्ण कार्यक्रम पोखरामा हुनु हाम्रा लागि गौरवको विषय हो, सभापति बरालले भन्नुभयो, यो कार्यक्रमले देशको ध्यान पोखरामा तान्नेछ ।' सभापति बरालका अनुसार, कार्यक्रमलाई लक्षित गर्दै विभिन्न उपसमितिहरु गठन गरी काम भैरहेको छ ।







## सहिदहरुप्रति सम्मान गरौं

- सहिदहरू राष्ट्रिय गौरव हुन्,
- सहिदहरूको वलिदान र योगदानको स्मरण गरौं,
- सहिदहरूप्रति सम्मान र समर्पण व्यक्त गरौं,
- सहिदहरूको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं,
- देशप्रेम र एकताको भावना जागृत गराऔं,
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं,
- देश विकासमा सबै नेपालीहरू एकसाथ जुटौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# संसद्को हिउँदे अधिवेशन प्रभावी हुने

माघ १८ गते संसद्को हिउँदे अधिवेशन आह्वान भइसकेको छ । संसदीय प्रणाली भएको मुलुकमा कानुन निर्माण र सरकारलाई निर्देशन दिने काम संसदले गर्छ। अधिवेशनलाई सन्दर्भमा सत्तारूढ दलहरूको बैठकले संसद्को हिउँदे अधिवेशनलाई बढीभन्दा बढी कानुन निर्माण गर्ने अधिवेशनका रूपमा अगाडि बढाउने निर्णय गरेको छ । सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्तारूढ दलहरूको बैठकले १८ गतेबाट सञ्चालन हुने हिउँदे अधिवेशनलाई प्रभावकारी बनाउन एकरूपमा एउटै आवाज उठाउने निर्णयसमेत गरेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको आह्वानमा बालुवाटारमा बैठक बसेको हो । सङ्घीय संसद्को आसन्न हिउँदे अधिवेशनमा सत्तापक्षको तयारीमै बैठक केन्द्रित भयो । सँगसँगै सो बैठकले सरकारका कामको प्रभावकारितालगायत विषयमा समेत गहन छलफल गरेको छ । कानुन निर्माणमा सबै विधायकको उत्तिकै जिम्मेवारी भए पनि विगतमा कतिपय विधेयक लामो समय संसदमा अड्किए । अझै पनि ती विचाराधीन अवस्थामै छन् । कतिपय समितिमा छलफलका क्रममा छन् । अझ सरकारले नै आवश्यक विधेयक संसद्मा लैजान विलम्ब गर्ने प्रवृत्ति पनि विगतमा नदेखिएको होइन । यस्तो अवस्थामा सत्तारूढ दलको बैठकले विधि निर्माणमा देखाएको सक्रियतालाई सकारात्मक रूपमा लिनुपर्ने हुन्छ ।

संसद्को हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा समेत लिइन्छ । सामान्यतया बर्से अधिवेशनले सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटकै अन्तरविषयवस्तुमा बढी समय लिने गर्छ । संसद्को अनुमतिबिना कर लगाउन अनि खर्च गर्न पाइँदैन । संसद्को अनुमति भनेकै जनअनुमति हो । स्वभावतः विगतको बर्से अधिवेशनको धेरै समय बजेटकै परिधिमा बढी केन्द्रित हुन पुग्यो । बजेट अधिवेशनकै क्रममा वर्तमान सरकार निर्माण भएका कारण पनि विधेयकमा गृहकार्य गर्ने पर्याप्त समय थिएन । अब भने संसद् र सरकारलाई विधायिकी कार्यमा एकलव्य हुने समय आएको छ । त्यसै क्रममा सरकारले हिउँदे अधिवेशनअगावै केही कानुन अपरिहार्य ठान्यो । संसद् अधिवेशन सञ्चालन नभएका बेला अध्यादेशमार्फत भए पनि कानुन निर्माण गर्ने सुविधा संविधानले नै प्रदान गरेको छ । यो संवैधानिक प्रावधान तथा सुविधा उपयोग गर्दै सरकारले केही अध्यादेशसमेत जारी गरेको छ । ती अध्यादेश तत्कालै कार्यान्वयनमा गइसकेका छन् । अब ती अध्योदशले संविधान अनुरूप संसद् प्रवेश गर्नुपर्ने हुन्छ । सत्तारूढ दलहरूको बैठकले यो विषयमा समेत गम्भीर विमर्श गरेको छ ।विपक्षीले पनि बिछोडलाई सशक्त बनाउन तयारी गरेका छन । राष्ट्रिय स्वतन्त्र पार्टीले अध्यादेश अस्वीकृत गर्ने प्रस्ताव दर्ता गर्ने भएका छन ।

संसदमा विचाराधीन डेढ दर्जन हाराहारी विधेयक विभिन्न चरणमा छन् । यो अवधिमा जारी भएका छ वटा अध्यादेशसमेत अब हिउँदे अधिवेशनको पहिलो दिन नै संसदमा पुग्ने छन् । तिनलाई प्रतिस्थापन विधेयकमार्फत अगाडि बढाउनुपर्ने छ । अझै कतिपय विधेयक कार्यकारिणीका विभिन्न निकायका मस्यौदा तथा छलफलका चरणमा छन् । यसरी हेर्दा आसन्न हिउँदे अधिवेशनले कम्तीमा दुई दर्जन विधेयकलाई टुङ्गो लगाउन सक्ने छ । संविधान निर्माणको यो अवधिमा कानुन निर्माण चाहे जसरी तीव्र हुन नसकेको गुनासो छ र यो गुनासो जायज पनि हो । निजामती सेवा विधेयकलगायत कतिपय लामो समयदेखि विचाराधीन छन् । यसले संघीयता कार्यान्वयनमै सोचे जसरी सहज भएको छैन । वर्तमान सरकार निर्माण हुँदा संविधान संशोधनको कार्यसूचीसमेत सामुन्ने आएको छ । यी सबै विषयमा संसद्को हिउँदे अधिवेशन प्रभावी हुने अपेक्षा गर्न सकिन्छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | कार्यमा सफलता | तुला | मानसिक तनाव |
| वृष | सहयोग मिल्नेछ | वृश्चिक | ब्यापारमा लाभ |
| मिथुन | अप्रत्यसित लाभ | धनु | शत्रुको भय |
| कर्कट | सत्कार मिल्नेछ | मकर | झमेला बढ्ने |
| सिंह | आर्थिक समस्या | कुम्भ | शुभ यात्रा |
| कन्या | शारीरिक झमेला | मीन | स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

# रोटरी लेकसाइडद्वारा विद्यार्थीहरुलाई पोशाक वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ



रोटरी क्लब अफ पोखरा लेकसाइडले पोखरा महानगरपालिका वडा नं. २१ मा रहेको युवा वर्ष आधार भूत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि स्वेटर, सर्ट र पाइन्ट बितरण गरेको छ ।

विद्यालयमा आयोजित एक कार्यक्रमका बीच क्लवका अध्यक्ष उपेन्द्र अधिकारीले सामाग्रीहरु विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा पोखरा महानगरपालिका वडा नं. २१ का अध्यक्ष दिपकप्रसाद सुवेदीलाई हस्तान्तरण गर्नुभयो । कार्यक्रममा बोल्दै क्लवका अध्यक्ष अधिकारीले आफ्नो व्यक्तिगत खर्चबाट विद्यार्थीहरुलाई जुत्ता समेत सहयोग गर्ने घोषणा गर्नुभयो । कार्यक्रममा बोल्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा वडा अध्यक्ष सुवेदीले सहयोग दाताहरुलाई धन्यवाद दिँदै आगामी दिनहरुमा पनि यस्ता सहयोगमा निरन्तरता दिन अनुरोध गर्नुभयो । विद्यालयका पूर्व विद्यार्थी महेश्वर भण्डारीले विभिन्न सहयोगी दाताहरुको खोजी गर्ने क्रममा क्लवले सहयोगको अनुरोध स्विकार गरेकोमा खुसी व्यक्त गर्नुभयो । विद्यालयसँग समन्वय गर्दै हाल विद्यालयमा रहेका विद्यार्थीहरुको आवश्यकता अनुरुप नै सहयोग गरिएको कार्यक्रम संयोजक तथा क्लवका सचिव सुवास मल्लले बताउनुभयो । क्लबले करिब ५० हजार बराबरको सामाग्रीहरु हस्तान्तरण गरेको क्लवका कोषाध्यक्ष आमोद कोइरालाले जानकारी गराउनुभयो ।

सो कार्यका लागि क्लवले आफ्नो कोष र महेन्द्रपुलस्थित मथुरा साहुको पसलबाट सहयोग रकम जुटाएको क्लवका आगामी वर्षका अध्यक्ष ई. राजेन्द्र लिगलले जनाउनुभयो ।

विद्यालयका प्रधानाध्यापक विष्णुप्रसाद पहारीले सञ्चालन गरेको कार्यक्रममा विद्यालयका शिक्षक, शिक्षिका, विद्यार्थी तथा व्यवस्थापन समितिका सदस्यहरुको सहभागिता रहेको थियो ।

# बागलुङको 'कालो टीका' अभियानले घरमा सुत्केरी हुने घटे

**पोखरापत्र संवाददाता**
बागलुङ, १६ माघ

स्वास्थ्य संस्थामा प्रसूति गराउँदा आमा र बच्चाको स्वास्थ्य जोखिममा नपर्ने तथा केही समस्या भए तत्काल उपचारको व्यवस्था गर्न सकिने भएकाले 'होम डेलीभरी'लाई शून्यमा झार्ने अभियानस्वरुप यहाँका आमा समूहले घरमा कालो टीका लगाइदिने गरेका छन् ।

निसीखोला गाउँपालिकाका अधिकांश वडाका समुदायमा रहेका आमा समूहले यो विधिलाई अवलम्बन गरेका छन् । त्यसबाहेक अन्य पालिकामा पनि 'साथ' विधिका रूपमा यो अभ्यास भएको छ । निसीखोला–६ तिर्खापानी आमा समूहकी सदस्य निरुता बुढा गत कात्तिक १४ गते घरमै सुत्केरी भएपछि आमा समूहले उहाँको घरमा कालो टीका लगाइदिएको हो । पति सन्तोष बुढासहित घरपरिवारले जान नदिएपछि उहाँ घरमै सुत्केरी हुनुभएको थियो । त्यसपछि गाउँको आमा समूहले बनाएको सामाजिक नक्सामा उहाँको घरमा कालो टीका लगाइदिएको हो ।

तिर्खापानीकै मनदेवी घर्तीले पनि घरमै सन्तान जन्माउनुभयो । भिडियो एक्सरे गर्नुपर्ने भएपछि निसी स्वास्थ्य चौकीले उहाँलाई बुर्तिवाङस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा रेफर गरेको थियो । तर घर फर्केर जोखिम मोल्दै कात्तिकको १२ गते उनले छोरालाई जन्म दिनुभयो । पति देवीराज गोठ जानुपरेकाले उहाँलाई घर कुर्न राख्दा स्वास्थ्य संस्था नजानुभएको हो । अहिले मनदेवीको घरमा पनि कालो टीका लागेको छ । उहाँको यो पटकको चौथो सन्तान हो । यसअघिका तीन सन्तान जन्माउने बेलामा त उहाँ झन् गर्भजाँचमा पनि आउनुभएन । गर्भवती भएपछि आठपटकसम्म गर्भजाँच गराउनुपर्ने र स्वास्थ्यसंस्थामै पुगेर सुत्केरी हुनुपर्ने सरकारी ' प्रोटोकल' उनीहरुले उल्लङ्घन गरेपछि महिला स्वास्थ्य स्वयंसेविकासहित आमा समूह बैठकपछि घरमा कालो टीका लगाउने गरिएको छ । यो समस्या निसीखोलाका अधिकांश वडामा छ । कतिपयले प्रोटोकल पूरा गर्नै खोज्दैनन् भने कतिपयले भौगोगिक कठिनाइ देखाएर समस्या परेको गुनासो गर्छन् ।

"कालो टीका लाग्नुलाई नराम्रो सङ्केत मानिन्छ", निसी स्वास्थ्य चौकीकी अनमी ज्ञानकुमारी बुढाले भन्नुभयो, "होम डेलीभरी घटाउने यो सामाजिक विधि हो ।" घरमै सुत्केरी भएको थाहा पाएपछि तत्काल स्वास्थ्यकर्मी पुगेर स्वास्थ्य अवस्था बुझ्ने र उपचार गराएको बुढाले बताउनुभयो । उच्च रक्तचाप, बच्चा उल्टो भएका वा अन्य कुनै जटिल समस्या आउने देखिएमा रेफर गर्ने र नभए पनि उनको शारिरीक अवस्था हेरेर आवश्यक सुझाव दिने काम स्वास्थ्य चौकीमा हुने गरेको छ ।

निसीको तिर्खापानी, लुप्राङसहित अधिकांश वडाका ग्रामीण बस्तीका महिला गर्भ अवस्थामा पनि खेतीपाती, लेकको गोठमा जाने चलन छ । वस्तुभाउ चराउन लेकमा जाने चलनले पनि प्रोटोकलअनुसार गर्भजाँचमा नआउनेहरू प्रशस्त भएको बुढाले बताउनुभयो । घरपरिवारले चासो नराख्ने, कामले फुर्सद पनि नपाउनेहरू बढी मात्रामा होम डेलिभरीमा परेको उहाँले बताउनुभयो । कालो टीका नलाग्नका लागि सुत्केरीपछि पनि पाँचवर्षसम्मका बालबालिकालाई सबै खोप पूरा गर्ने र आमाले आइरन चक्की खाने प्रावधान पूरा गर्नुपर्छ । स्वास्थ्य प्रोटोकल पूरा नगर्नेलाई दबाब पर्ने भएकाले कालो टीका लगाउने गरिएको निसीखोला–३ स्कुलटोल आमा समूहकी अध्यक्ष कौशिला चन्दले बताउनुभयो । निसीमा घरमै सुत्केरी हुने र गर्भजाँच नगर्नेको सङ्ख्या अत्यधिक छ । स्वास्थ्य चौकीले पनि लागत राख्नै कठिन भएको इन्चार्ज गणेश खड्काले बताउनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७९/८० मा एक सय आठ जना सुत्केरी हुने सूचना प्राप्त भएकामा २८ जना मात्र स्वास्थ्य संस्थामा आएका थिए । बाह्र जना घरमा सुत्केरी भएका थिए । चालु वर्षको छ महिनामा १६ जना स्वास्थ्य संस्थामा र दुई जना घरमा नै सुत्केरी भएका उहाँले बताउनुभयो ।

# पोखरामा गोरेटोको शाखा महानायक राजेश हमालबाट उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ माघ

फिल्मी जगतका महानायक राजेश हमालले उमेर छदै सिप र दक्षता हासिल गर्न पोखराका युवालाई सुझाव दिनु भएको छ । गोरेटो कन्सल्टेन्सि पोखरा शाखाको बुधबार उद्घाटन गर्दै महानायक हमालले उमेर छदै व्यक्तिले आफ्नो सिप र दक्षता हासिल गर्नु पर्नेमा जोड दिनु भएको हो ।

पोखराका केही युवा बर्ग माझ आफ्नो भनाई राख्दै उहाँले समय परिवर्तनशिल भएकोले समयमै हरेक व्यक्तिले आफु भोलि कस्तो बन्ने भन्ने बिषयमा निर्णय लिदै स्वदेश तथा विदेशमा उच्च शिक्षा हासिल गर्न सकिने जनाउनु भयो । परिवारको साथ भएको अबस्थामा आफुले चाहेको देशमा समेत जान सकिने राय व्यक्त गर्दै महानयक हमालले नेपालमा पनि उच्च शिक्षा हासिल गर्न विदेशबाट समेत नेपाल आउने गरेको दाबी गर्नु भयो । उच्च शिक्षा हासिल गरी प्राप्त ज्ञान र सिपलाई भविश्यमा सामाज परिवर्तनको लागि र आफ्नो घर परिवारको उज्वल भविश्यको लागि लाग्नु पर्ने उहाँको भनाई थियो । परिवारको सदस्य र आफ्नो स्वइच्छाले विदेश जान चाहेमा राम्रोसंग बुझेर आधिकारीक संस्थाबाट मात्र जानको लागि महानायक हमालको सुझाव थियो । उक्त कन्सल्टेन्सिका ब्राण्डएम्बासडर समेत रहनु भएको उहाँले कस्तो सिप हासिल गर्ने हरेक व्यक्तिले आफ्नो बुद्धि विवेक अनुसार आफैले समयमै निर्णय लिनुपर्ने उल्लेख गर्नु भयो । काठमाण्डौंको उक्त गोरेटोको शाखा पोखरामा ल्याईएको संचालक राजेन्द्र शर्माले बताउनु भयो । पोखराको चिप्लेढुंगा (महेन्द्रपुल) मा रहेको उक्त शाखाबाट क्यानडा, अमेरिका, वेलायत सहितका देशमा उच्च शिक्षा हासिल गर्न सहजीकरण गर्ने भएको उहाँले जनाउनु भयो ।

# महिला हाफ म्याराथनको उपाधि सेनामा कार्यरत विकलाई

**पोखरापत्र संवाददाता**
दमौली, १६ माघ

सहिद दिवसका अवसरमा व्यास नगरपालिकाद्वारा आज आयोजित चौथो व्यासनगर खुला महिला हाफ म्याराथनको उपाधि नेपाली सेनामा कार्यरत रोल्पाकी आश्मा विकले चुम्नुभएको छ ।

व्यास–३ व्यासगुफादेखि व्यास–११ तनहुँसुरसम्मको २१ किलोमिटर दूरी एक घण्टा ५७ मिनेट ३४ सेकेण्डमा पार गर्दै प्रथम पुरस्कार हात पार्नुभएको हो । म्याराथनमा सहभागी ३३ जना धावकलाई पछि पार्दै उहाँले रु ४१ हजार ८१ नगदसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नुभएको उपप्रमुख इन्दिरा दरैले जानकारी दिनुभयो । उहाँका अनुसार ओखलढुङ्गा निवासी नेपाली सेनाकी लक्पा डिङ्मा शेर्पाले दुई घण्टा चार मिनेट ५३ सेकेण्डमा पार गरी द्वितीय बन्नुभएको छ । उहाँले रु ३१ हजार ८१ नगदसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नुभयो ।

त्यसैगरी नेपाल प्रहरीमा कार्यरत काठमाडौंकी विमला तामाङले दुई घण्टा बाह्र मिनेट ३८ सेकेण्डमा पार गर्दै तृतीय स्थान हासिल गरी रु २१ हजार ८१ ट्रफी तथा प्रमाणपत्र प्राप्त गर्नुभयो । म्याराथनमा सान्तवना हुने नम्रता गुरुङ, सन्ध्या अधिकारी, अस्मिता थापा, सङ्गीता रानाभाट र मुना मजकोटी पाँच जनालाई जनही रु ११ हजार ८१ का दरले नगद तथा प्रमाणपत्र प्रदान गरिएको छ ।

विजयी खेलाडीलाई जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले र व्यासकी उपप्रमुख इन्दिरा दरैले पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।

# एचपिभी खोप अभियान: अभिनेत्री कोइरालालाई सद्भावनादूत घोषणा

**रासस**
काठमाडौं, १६ माघ

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले राष्ट्रिय खोप कार्यक्रम तथा एचपिभी खोप अभियानका लागि वरिष्ठ अभिनेत्री एवं समाजसेवी मनिषा कोइरालालाई सद्भावनादूत घोषणा गरेको छ । मन्त्रालयले बुधबार यहाँ एक कार्यक्रम आयोजना गरी उहाँलाई सद्भावनादूत घोषणा गरेको हो ।

कार्यक्रममा अभिनेत्री कोइरालाले आफू क्यान्सरबाट पीडित भएर निको भएको बताउँदै निरोधात्मक पूर्वतयारी गरे पाठेघरको मुखको क्यान्सरबाट हुने जोखिमबाट बच्न सकिने उल्लेख गर्नुभयो । खोपको प्रोत्साहन गर्ने सामाजिक काममा सहभागी हुन पाउँदा गर्व महसुस भएको बताउँदै उहाँले यस अभियानमा सबैलाई हातेमालो गरेर अघि बढ्न आग्रह गर्नुभयो ।

सङ्घीय सरकारले पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियान यही माघ २२ गतेदेखि सुरु गर्दैछ । आगामी फागुन ६ गतेसम्म देशैभरि सञ्चालन हुने यस अभियानअन्तर्गत १६ लाख ८८ हजार सात सय ६८ किशोरीलाई एचपिभी खोप लगाइँदैछ । एचपिभी खोप लगाएमा पाठेघरको मुखमा हुने क्यान्सरबाट सुरक्षित हुन सकिने र खोप प्रारम्भिक किशोर अवस्थामा लगाएमा प्रभावकारी हुने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यस सन्दर्भमा प्रारम्भिक किशोरावस्था भन्नाले १० देखि १४ वर्षको उमेरलाई बुझाउँछ । मन्त्रालयले यही माघ २२ गते (विश्व क्यान्सर दिवसका) दिन खोप अभियानको सुरूआत गर्ने जनाएको हो । नेपालमा औसतमा हरेक दिन छ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुने र चारजना महिलाहरूको पाठेघरको मुखको क्यान्सरबाट मृत्यु हुने गरेको स्वास्थ्य मन्त्रालयको तथ्याङ्कले जनाएको छ । स्वास्थ्यमन्त्री प्रदीप पौडेलले पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्याका रूपमा नरहने अवस्थामा पुऱ्याउन सरकारले सन् २०३० सम्म तीनवटा स्वास्थ्य सेवाको गन्तव्य निर्धारण गरेको जानकारी दिनुभयो । जसअनुसार १० देखि १४ वर्षसम्म उमेरका कम्तीमा ९० प्रतिशत किशोरीलाई एचपिभी खोप दिइने र ३० वर्षभन्दा माथिको उमेर समूहका कम्तीमा ९० प्रतिशत महिलाको पाठेघरको मुखको क्यान्सरको परीक्षण गरिने उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार पाठेघरको मुखको क्यान्सर पहिचान भएका कम्तीमा ९० प्रतिशत महिलाको उपचार गरिने छ । यो वर्ष देशव्यापी रूपमा एचपिभी खोप अभियान सञ्चालन गरिँदैछ । यस अभियानमा कक्षा ६ देखि १० सम्मका छात्राहरू र विद्यालय बाहिर रहेका १० देखि १४ वर्षसम्मका किशोरीहरूलाई एचपिभी खोप दिइनेछ । मन्त्री पौडेलले भन्नुभयो, "मुलुकलाई सबैखाले क्यान्सरमुक्त बनाउन उपचारात्मक मात्र होइन अब निरोधात्मक अभियानमा लागेका छौँ । धेरै मृत्यु हुने गरेको पाठेघरको मुखको क्यान्सरबाट महिलालाई जोगाउन यो अभियान सुरु गरेका हौँ ।" एचपिभी खोप सेवालाई आगामी वर्षदेखि नियमित अभियानका रूपमा सञ्चालन गरिने मन्त्री पौडेलले जानकारी गराउनुभयो । अभियानअन्तर्गत विद्यालय जाने कक्षा ६ का छात्राहरू र विद्यालय बाहिर रहेका १० वर्ष उमेरका किशोरीहरूलाई हरेक वर्ष एचपिभी खोप दिइने मन्त्रालयले जनाएको छ । एचपिभी खोपका लागि लक्षित गरेका अधिकांश किशोरीहरू विद्यालयमा अध्ययन गर्ने भएकाले खोप सेवा पनि मुख्यतः विद्यालय केन्द्रित हुनेछ । विद्यालयहरूमा खोप सेवा सञ्चालनपछि स्वास्थ्य संस्था र बाह्य खोप केन्द्रहरू तथा वडा कार्यालयबाट समेत यो खोप प्राप्त गर्न सकिने मन्त्रालयले जनाएको छ । यस वर्ष सञ्चालन हुने एचपिभी खोप अभियानमा १८ हजार नौ सय विद्यालय र आठ हजार दुई खोप केन्द्रहरूबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयका सचिव डा रोशन पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार खोप दिने स्वास्थ्यकर्मीहरू करिब २७ हजार र स्वयम्सेवक ५४ हजारभन्दा बढी परिचालन हुनेछन् । खोप अभियानका लागि १७ लाख ७० हजार २० मात्रा एचपिभी खोप प्राप्त भएको जानकारी दिँदै उहाँले यो खोप प्रदेश तहमा पुऱ्याइसकिएको र अभियान सञ्चालन अगाडि सम्बन्धित स्वास्थ्य संस्थामा पुग्नेगरी खोप वितरण गरिने बताउनुभयो । अभियानका लागि गाभीबाट सहयोग र नेपाल सरकारको सहलगानी रहेको छ । हरेक वर्ष नियमित खोप कार्यक्रममा एचपिभी खोप समावेश गरी दिगो रूपमा खोप दिने लक्ष्य नेपाल सरकारले लिएको छ ।

